# न्यायिक समिति

## अर्धवार्षिक प्रगति प्रतिवेदन

## रोल्पा नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय लिबाङ, रोल्पा

आ.व.२०८०/०८१

CamScanner

# रोल्पा नगरपालिका न्यायिक समितिको प्रतिवेदन

## १.पृष्ठभूमि

नेपालको संविधानले लोकतान्त्रिक गणतन्त्रात्मक व्यावस्था स्थापना गरी राज्यको मुल संरचना संघ, प्रदेश र स्थानीय तह हुने तथा तीनवटै तहबाट संविधान र कानून बमोजिम राज्य शक्तिको प्रयोग गर्ने व्यावस्था गरेको छ ।जनताको सरकारको नजिकको रुपमा रहेको नगरपालिका उपप्रमुखको संयोजकत्वमा एक न्यायिक समिति रहेने संवैधानिक व्यावस्था रहेको छ। विवाद समाधानका वैकल्पिक उपायहरु अवलम्बन गर्दा न्यायिक निर्णयमा जीत-जीतको अवस्था सुनिश्चित हुने र न्यायप्रतिको सन्टुष्टि बढ्नुको साथै विवाद निरुपणलाई कम खर्चिलो,कम झन्झटिलो तथा मेलमिलाप प्रक्रियाबाट समाधान गर्ने अभिप्रायले न्यायिक समितिबाट विवाद समाधान गर्ने गराउने अभिप्रायले वर्तमान सन्दर्भमा न्यायिक समितिबाट विवाद समाधान गर्ने नयाँ अभ्यासको थालनी भएको छ ।सोही प्रावधान अनुसार यस रोल्पा नगरपालिकामा पनि न्यायिक समिति गठन भई कामकाज भइरहेको छ भने प्रत्यक वडाबाट प्रतिनिधित्व हुने गरी ३९जना मेलमिलाकर्ताहरुलाई सुचिकृत तथा पूनरताजगिय तालिम सँचालन गरिएको ।

## २.प्रतिवेदनको उद्देश्य

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३(१) बमोजिम रोल्पा नगरपालिकाको न्यायिक समितिबाट सम्पादन गरिएको कार्यहरुको अभिलेखिकरण गर्ने।
- न्यायिक समितिबाट सम्पादन गरिएका कार्यहरुको अभिलेखिकृत प्रतिवेदन नगरकार्यपालिकामा पेश गर्ने ।
- दुवै पक्षलाई जीत -जीतको आभाष सुनिश्चित गर्न ।

## ३.न्यायिक समितिको क्षेत्राधिकारहरु

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७(१) बमोजिमको क्षेत्राधिकार देहायबमोजिम निरुपण गर्ने अधिकार रहेको छ ।

१.आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग,

२.अर्काको बाली नोक्सानी गरेको,

३.चरन, घाँस, दाउरा,

४.ज्याला मजदुरी नदिएको,

५.घरपालुवा पशुपंक्षी हराएको वा पाएको,



CamScanner

६.ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,

७.नाबालक छोराछोरी वा पति-पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षादीक्षा नदिएको,

८.वार्षिक पच्चीस लाख रुपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा,

९.अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तीलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,

१०.आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको,

११.सँधियारको जग्गा तर्फ झयाल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको,

१२.कसैको हक वा स्वमित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्यष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुर्याएको,

१३.सङ्घीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेका अन्य विवाद ।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७(२) बमोजिम न्यायिक समितिलाई देहायका विवादहरुमा मेलमिलापको माध्यमबाट विवादको निरुपण गर्ने अधिकारहरु**

१.सरकारी, सार्वजनिक वा सामूदायिक बाहेक एकाको हकको जग्गा अर्कोले च्यापी, मिचि वा घुसाई खाएको,

२.सरकारी, सार्वजनिक वा सामूदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको,

३.पति-पत्नी बीचको सम्वन्ध विच्छेद,

४.अंगभंग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट,

५.गाली बेइजती,

६.लुटपिट,

७.पशुपंक्षि छाडा छाडेका वा पशुपंक्षि राख्दा वा पाल्दा लापरवाही गरी अरुलाई असर पारेको,

८.अरुको आवासमा अनाधिकृत प्रवेश गरेको,

९.अर्कोको हक भोगमा रहेको जग्गा आवाद वा भोगचलन गरेको,

१०.ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्याकि छिमेकीलाई असर पुर्याएको,

११.प्रचलित कानून बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एक वर्ष सम्म कैद हुन सक्ने फौजदारी विवाद ।



CamScanner

## ४.न्याय सम्पादन प्रक्रिया

रोल्पा नगरपालिका न्यायिक समिति समक्ष पेश भएका निवेदनहरुलाई रोल्पा नगरपालिकाको न्यायिक समिति कार्यविधि सम्वन्धि ऐन, २०७४ बमोजिम न्याय सम्पादन प्रक्रिया देहाय अनुसार गरिएको छ ।

- निवेदन दर्ता गर्ने
- निस्सा दिने
- म्याद तामेली गर्ने
- तारेख दिने
- दुबै पक्षको उपस्थिती, साक्षीको उपस्थिती र न्यायिक समितिको रोहवरमा छलफल गर्ने
- मेलमिलापको लागि विभिन्न विकल्पहरुको निर्माण गर्ने र त्यसमध्येमा दुवै पक्षवीच सहमती हुने उचित विकल्पको आधारमा मेलमिलाप गराउने
- मिसिललाई किनारा लगाउने आदि ।

## ५.रोल्पा नगरपालिका न्यायिक समितिमा आ.व२०८०/०८१ देखि पेश भएका उजुरीहरुको विवरण

| उजुरीको प्रकार | दर्ता संख्या | फछ्र्योत भएका | अदालतमा पठाएको | फर्छ्योत हुन बाँकी |
|---|---|---|---|---|
| घरेलु हिंसा | ३ | ३ | ० | ० |
| जग्गा विवाद | २ | १ | १ | ० |
| नावालक सन्तान रश्रीमतिलाई प्रमाण पत्र नदिएको | ३ | २ | ० | १ |
| लेनदेन | ८ | ३ | ० | ५ |
| घर भाँडा रकम नदिएकको | २ | ० | १ | १ |
| गाली बेइज्जत | १ | १ | ० | ० |
| जम्मा | १९ | १० | २ | ७ मेलमिलाप प्रक्रयामा रहेको |



CamScanner

## ६.न्यायिक समिति सम्वन्धि व्यवस्था

रोल्पा नगरपालिका न्यायिक समितिमा निम्न अनुसारको न्यायिक समिति रहेको छ ।

<u>तपशिल</u>

| | |
|---|---|
| १.श्री गिता आचार्य | संयोजक |
| २.श्री देव बहादुर सुनार | सदस्य |
| ३.श्री मनकुमारी घर्तीमगर | सदस्य |

## ७.उपलब्धिहरु

- विवादहरुको निरुपन गर्दा विवादका पक्षहरुकै सहमतिमा गर्ने गरेको ।
- रोल्पा नगरपालिकाले न्यायिक समिति (कार्यविधि सम्वन्धि) ऐन, २०७४ जारी गरी कार्यान्वयनमा भई सोही अनुरुप विवादहरुको निरुपन प्रक्रियाको थालनी भएको ।
- रोल्पा नगरपालिकाको कार्य विधि अनुसार विवादहरुको निरुपण मेलमिलापकर्ताको माध्यमबाट गर्नुपर्ने कानूनी व्यवस्था भएकोले मेलमिलापकर्ताहरुलाई जानकारी गराई ३९ जना मेलमिलाप कर्तालाई तालिम तथा सुचिकृत गरेको ।

## ८.समस्या तथा चुनौतीहरु

- न्याय सम्पादनको क्रममा कानूनी तथा प्राविधिक ज्ञानको कमी
- यथेष्ट प्रमाण जुटाउन गाह्रो हुनु।
- कानूनी सल्लाहकारको नियूक्त गर्न कठिन।

## ९.सुझाव तथा अपेक्षाहरु

- कानूनी सल्लाहकारको नियुक्ति गर्नुपर्ने
  वडास्तरमा मेलमिलाप केन्द्रको स्थापना गर्नुपर्ने।
- स्थानीय न्यायिक समितिको कामकाज सम्वन्धि जनस्तरमा प्रचारप्रसार गर्नुपर्ने आदि ।



CamScanner

१०.निष्कर्ष-

जनतालाई नजिकको स्थानबाट विवाद निरुपण गरी कम खर्चिलो कम झन्जटिलो रुपमा विवाद समाधान गरी दुवै पक्षलाई जित जित गराउने उद्देश्यले न्यायिक समितिबाट मेलमिलाप तथा निर्णय गर्ने परिपाटी अति नै प्रभावकारी देखिएको छ। यस रोल्पा नगरपालिकाको मुद्दाहरु हेर्दा अदालती प्रक्रियाको मात्र नभई लामो समयसम्म अन्यायमा रहेका पिडीतहरुलाई न्याय प्राप्त गर्न सहयोग देखिन्छ। जनताको अपेक्षाअनुसार नजिकको निकायबाट धेरै भन्दा धेरै विवादको निरुपन गर्ने न्यायिक समितिबाट भएका सहमति र निर्णयलाई व्यवस्थित बनाई व्यावहारमा कार्यन्वय गर्ने अवस्था मिलाउनु सान्दर्भिक देखिन्छ ।

**प्रतिवेदक**

सविना के.सी

उ.वि.स

रोल्पा नगरपालिका रोल्पा



CamScanner